# नेपाल विद्युत प्राधिकरण

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

## Electricity Supply Reliability Improvement Project (ESRIP)

## घर भाडामा लिने सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०७**

नेपाल विद्युत प्राधिकरण अन्तर्गत सञ्चालनमा रहेको Electricity Supply Reliability Improvement Project (ESRIP) को आयोजना कार्यालय स्थापना तथा आयोजना सम्बन्धी कार्य सञ्चालनका लागि कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका क्षेत्रभित्र कार्यालय प्रयोजनका लागि उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले देहायका न्यूनतम मापदण्ड पूरा गर्ने घरधनी/इच्छुक व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र आफूले दिन सक्ने मासिक घर बहाल रकम (घर बहाल करसहित) स्पष्ट उल्लेख गरी सिलबन्दी प्रस्ताव पेश गर्नुहुन नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ को विनियम १८१(१) मा भएको ब्यवस्था बमोजिम यो सुचना प्रकाशित गरिएको छ । आयोजना कार्यालयका लागि कम्तीमा तीन तल्ला, न्यूनतम २५०० वर्गफिट निर्माण क्षेत्रफल तथा ५/६ वटा सवारी साधन पार्किङ गर्न सकिने खाली जग्गासहितको घर आवश्यक रहेकोछ ।

१. कार्यालय रहने स्थानः

कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका भन्सार देखि चौराहा चटकपुर,बैयाबेहड़ी,उत्तर बेहाडी तथा बोराडाडी क्षेत्रभित्र, आयोजना कार्यालय सञ्चालन तथा आवतजावतका दृष्टिले उपयुक्त स्थानमा अवस्थित हुनुपर्नेछ।

२. घरको संरचनाः

घर कम्तीमा २/३ (तीन) तल्लाको तथा कुल निर्माण क्षेत्रफल कम्तीमा २५०० वर्गफिट हुनुपर्नेछ। पार्किङको लागि कम्तीमा ५ देखि ६ वटा सवारी साधन सहज रूपमा पार्किङ गर्न सकिने पर्याप्त खुला स्थान हुनुपर्नेछ।

३. कम्पाउण्ड तथा सुरक्षाः

घरको परिसर सुरक्षित हुनुपर्ने तथा कम्पाउण्ड वाल/घेराबार भएको हुनुपर्नेछ।

४. कार्यालय प्रयोजनका लागि उपयुक्तताः

घरको कोठा तथा संरचना कार्यालय सञ्चालन, बैठक, कर्मचारी कार्यकक्ष, अभिलेख व्यवस्थापन तथा अन्य आयोजना सम्बन्धी कार्यका लागि प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

५. आधारभूत सुविधाः

घरमा विद्युत, खानेपानी, धारा, भान्सा, शौचालय तथा आवश्यक सरसफाइको सुविधा उपलब्ध हुनुपर्नेछ। घर उपलब्ध गराउदा रंगरोगन गरि उपलब्ध गराउनु पर्नेछ ।

CamScanner

६. पेश गर्नुपर्ने कागजातहरू:

प्रस्तावसाथ देहायका कागजातहरूको प्रतिलिपि पेश गर्नुपर्नेछ:

क) घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र,

ख) घर/जग्गाको स्वामित्व प्रमाणित गर्ने जग्गाधनी प्रमाणपूर्जा,

ग) घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्न प्रमाणपत्र,

घ) चालु आर्थिक वर्षसम्मको घर/जग्गाको कर तिरेको प्रमाण, र

ङ) पानी तथा विद्युत महसुल चुक्ता गरेको पछिल्लो प्रमाण।

च) हालै खिचेको घरको कम्पाउण्ड समेत देखिने रंगिन तस्विर।

७. प्रस्तावित घर बहाल रकम:

घरधनीले आफूले घर भाडामा दिन चाहेको मासिक घर बहाल रकम घर बहाल करसहित अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

८. कर:

नेपाल सरकारको प्रचलित कानूनबमोजिम लाग्ने घर बहाल कर तथा अन्य करसम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

९. घर निरीक्षण:

नेपाल विद्युत प्राधिकरण/आयोजनाले आवश्यकता अनुसार प्रस्तावित घरको स्थलगत निरीक्षण तथा प्राविधिक उपयुक्तता परीक्षण गर्न सक्नेछ। उपयुक्तता परीक्षण गर्दा विद्युत, खानेपानी, धारा, भान्सा, शौचालयहरुको मर्मत सम्भार गर्नु पर्ने आवश्यकता भएमा मर्मत गरि उपलब्ध गराउनु पर्नेछ ।

१०. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार:

प्राप्त प्रस्तावहरूमध्ये उपयुक्त प्रस्ताव स्वीकृत गर्ने वा कारणवश कुनै वा सबै प्रस्ताव स्वीकृत नगर्ने अधिकार नेपाल विद्युत प्राधिकरण/आयोजनामा निहित रहनेछ।

११. अन्य व्यवस्था:

यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू नेपाल विद्युत प्राधिकरणको प्रचलित आर्थिक प्रशासन विनियमावली तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछन्।

सम्पर्क:
नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
Electricity Supply Reliability Improvement Project (ESRIP)
दरवारमार्ग काठमाडौं
977-01-4153128

नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY ESTD 1985 Electricity Supply Reliability Improvement Project